माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhimun.gov.np

चलानी नं. :
पत्र संख्या :

## सूचना नं.०१-२०८३/०८४

## सामाजिक सुरक्षा भत्ता नविकरण तथा सूचिकरण गर्ने सम्बन्धी सुचना।

सूचना प्रकाशित मितिः २०८३/०४/०१

श्री सरोकारवाला सबै,

उपरोक्त सम्बन्धमा यस माथागढी गाउँपालिका अन्तर्गत सबै वडा कार्यालयहरूमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम ४ को उपनियम १ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने (जेष्ठ नागरिक, जेष्ठ दलित, एकल महिला, विधवा, अपाङ्ग र ५ वर्ष भित्रका दलित बालबालिका) लाभग्राहीले सामाजिक सुरक्षा तेस्रो संशोधन नियमावली २०८२ को नियम ९ बमोजिम आ.व. २०८३/८४ को लागि सामाजिक सुरक्षा भत्ता लिन इच्छुक लाभग्राहीले मिति २०८३ श्रावण १ गतेदेखि २०८३ असोज मसान्तभित्र आ-आफ्नो वडा कार्यालयमा(अस्थायी वसोबास रहेको वडा कार्यालयमा समेत Bio-meteric गरी सकेको अवस्थामा स्वयम् उपस्थित भई जैविक पहिचानका आधारमा नविकरण गर्न सकिनेछ) लाभग्राहीले तपसिलका कागजात लिई अनिवार्य रूपमा परिचयपत्र नविकरण गर्नु गराउनुहुन सबैमा यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयसिमाभित्र नविकरण नगराएमा कानून बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्न नसकिने व्यहोरासमेत जानकारी गरिन्छ ।

नोटः लाभग्राहीहरुको Bio-meteric विधिबाट नविकरण गरिने भएको हुदाँ राष्ट्रिय परिचयपत्र नं अनिवार्य रुपमा ल्याउनु पर्नेछ। सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०८२ को दफा ५ बमोजिम १६ वर्ष उमेर पूरा नभएको बालबालिका, आफ्नो हेरचार आफै गर्न नसक्ने अशक्त र ९० बर्ष माथिका जेष्ठ नागरिकलाई लाभग्राहीमा सूचिकृत हुन राष्ट्रिय परिचयपत्र अनिवार्य हुने छैन।

**तपसिल**

१. अनुसूची २ बमोजिमको निवेदन-१
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी-१/ पासपोर्ट साइजको फोटो -१
३. दलित बालबालिकाको हकमा जन्मदर्ता प्रतिलिपी -१
४. अपाङ्गताको लागि परिचय कार्डको प्रतिलिपी -१
५. संरक्षकको नागरिकताको प्रतिलिपी (बालबालिका र 'क,ख' वर्ग अपाङ्गको हकमा मात्र) -१
६. विधवा ,एकल महिलाको हकमा श्रीमानको मृत्युदर्ताको प्रतिलिपीसमेत (विधवा ६० वर्षभन्दा कम उमेर भएकाहरुको हकमा अर्को विवाह नगरेको प्रमाणित प्रतिलिपी)

*नविकरण गर्ने समय २०८३ असोज मसान्तसम्म रहेको हुदाँ वडा कार्यालयमा भिडभाड नगरी नविकरण कार्य व्यवस्थित गर्न वडा कार्यालयले आवश्यक सहजिकरण गर्नुहिन अनुरोध छ।*

.............
ध्रुव देयाल
प्रमुख प्रशासकीय अधिकृत